भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# समाचार पत्र–सेप्टेम्बर २०२३

## जी–२० शिखर सम्मेलन, नयाँ दिल्ली, २३–२४ भाद्र २०८०




गएको वर्षभरी चलेको जी–२० प्रक्रिया र मन्त्री, वरिष्ठ अधिकारी तथा नागरिक समाजबीच भएको बैठकको परिणामस्वरुप भारतको नयाँ दिल्लीमा १८ औं जी–२० को आयोजना भयो । मन्त्रीस्तरीय एवम् कार्यसमूह बैठकहरुमा छलफल र सहमति भएका प्राथमिकताप्रति सदस्य देशका नेताहरुले जनाएका प्रतिबद्धता सहितको संयुक्त घोषणा पारित भएसँगै जी–२० सम्मेलन सम्पन्न भयो ।

थप जानकारी...


September 2023 © Embassy of India, Kathmandu.

# नेपालमा भारतका झलकहरु

## सामुदायिक विकास परियोजनाको उद्घाटन तथा हस्तान्तरण




नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले मिति २०८० भाद्र ३१ र आश्विन १ गते सुदूरपश्चिम प्रदेशका कञ्चनपुर र कैलाली जिल्लाको भ्रमण गर्नुभयो । भ्रमणका क्रममा राजदूत श्रीवास्तवले तीन वटा समुदायिक विकास परियोजनाको उद्घाटन गरी सो परियोजना सम्बन्धित जिल्ला अधिकारीलाई हस्तान्तरण गर्नुभयो । उद्घाटन भएका तीन परियोजना यस प्रकार रहेका छन् ः– १. टिकापुर बहुमुखी क्याम्पसका लागि क्याम्पस भवन, कैलाली २. श्री पशुपति शिक्षा मन्दिरका लागि विद्यालय भवन ३. श्री शिद्धनाथ माध्यमिक विद्यालय, कञ्चनपुर । भारत सरकारको नेरु. ९.०८ आर्थिक सहयोगमा निर्माण भएका यी परियोजनाले त्यस क्षेत्रका युवाको हितका लागि शैक्षिक पूर्वाधारको विकासमा टेवा पुर्याउनेछ ।

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# संखुवासभामा स्कुल क्याम्पसको उद्घाटन








नेपालका माननीय परराष्ट्र मन्त्री श्री एन.पी. साउद र नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले संखुवासभास्थित हिमालय किरण सामुदायिक क्याम्पसको नवनिर्मित क्याम्पस भवनको मिति २०८० भाद्र २० गते संयुक्तरुपमा उद्घाटन गर्नुभयो । भारत सरकारको नेरु ३.७४ करोड अनुदान सहयोगमा सो परियोजनाको निर्माण भएको हो । परराष्ट्र मन्त्री साउदले नेपालको विकास र नेपाली जनताको प्रगतिमा योगदान गर्ने भारतजस्तो छिमेकी पाउनु नेपालको लागि गौरवको कुरा भएको उल्लेख गर्नुभयो । वहाँले नेपालको विकासमा भविष्यमा पनि भारतको निरन्तर सहयोग रहने अपेक्षा गर्नुभयो । राजदूत श्रीवास्तवले उक्त परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको महत्वपर्ण पक्ष भएको उल्लेख गर्दै दुई देशबीचको साझेदारीले हालैका वर्षहरुमा उल्लेखनीय प्रगति गरेको बताउनुभयो ।

थप जानकारी...



September 2023 © Embassy of India, Kathmandu.

# नापीचन्द्र महाविहारको नवनिर्मित भवनको उद्घाटन











नेपालको सांस्कृतिक सम्पदा क्षेत्रको पुनर्निर्माणका लागि भारत सरकारले उपलब्ध गराएको भूकम्पपछिको पुनर्निर्माण अनुदान अन्तर्गत करिब नेरु ३.५ करोडको लागतमा निर्मित ललितपुरस्थित श्री नापीचन्द्र महाविहारको नयाँ भवनको नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तव र ललितपुर महानगरपालिकाका मेयर श्री चिरीबाबु महर्जनले मिति २०८० भाद्र १८ गते संयुक्तरुपमा उद्घाटन गर्नुभयो । सो समारोहमा ललितपुर विकास समाजका अध्यक्ष श्री बुद्धिराज बज्राचार्य, स्थानीय समुदायका प्रतिनिधि र नेपाल सरकार तथा भारतीय दूतावासका अधिकारीको उपस्थिति थियो ।

थप जानकारी...

# नेपाल इलेक्ट्रिक पावर एण्ड लाइट्स इन्टरनेशनल एक्सपो










भारतीय राजदूतावास, काठमाडौंका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तवले मिति २०८० भाद्र १५ देखि १७ गतेसम्म आयोजित नेपाल इलेक्ट्रिक पावर एण्ड लाइट्स इन्टरनेशनल एक्सपोमा सहभागी भई विभिन्न निर्यातकर्तासँग छलफल गर्नुभयो । भारत सरकार वाणिज्य मन्त्रालयको तत्वावधानमा स्थापित भारतीय निर्यात संगठनहरुको महासंघको नेतृत्वमा आएको एक व्यापारिक टोलीको एक्सपोमा सहभागीता थियो । नेपालका माननीय उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री शक्ति बस्नेतले एक्सपोमा रहेको भारत पेभिलियनको उद्धाटन गर्नुभयो ।


September 2023 © Embassy of India, Kathmandu.

# अन्तर्राष्ट्रिय कादोजन्य बाली दिवस









भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० भाद्र १९ गते एक कार्यक्रमको आयोजना गरी अन्तर्राष्ट्रिय कादोजन्य बाली दिवस मनायो । राजदूत नवीन श्रीवास्तव, माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय मन्त्री डा. बेदुराम भुसाल र नेपालका लागि खाद्य तथा कृषि संगठन प्रतिनिधि केन शिमीजुले सो कार्यक्रमलाई सम्बोधन गर्नुभयो । वहाँहरुले खाद्य सुरक्षाका लागि कोदोजन्य बाली वा श्री अन्नको महत्व र प्राकृतिक खेतीको क्षेत्रमा भारत र नेपालबीच भएको सहकार्यबारे चर्चा गर्नुभयो । नेपाल आयुर्वेद चिकित्सक संघका अध्यक्ष डा. श्यामबाबु यादवले आयुर्वेद र पोषणविद् नानी शोभा शाक्यले पोषण विज्ञानको दृष्टिकोणबाट कादोजन्य बालीको पौष्टिक फाइदाबारे जानकारी दिनुभयो । सो अवसरमा छ प्रकारका कादोजन्य बालीको प्रदर्शनी पनि राखिएको थियो ।

# नेपालका कानुन व्यवसायीका लागि अभिमुखीकरण कार्यक्रम







भारतीय राजदूतावास, काठमाडौंले भारतको गान्धीनगरस्थित राष्ट्रिय फोरेन्सिक विज्ञान विश्वविद्यालयमा मिति २०८० भाद्र २५ देखि आश्विन ५ गतेसम्म सञ्चालन हुने Forensic Science in Criminal Justice Delivery System विषयमा आइटेक कोर्ष अध्ययनका लागि भारत जाने जिल्ला न्यायाधीश, वकिल र कानुन अधिकारी सम्मिलित १५ जनाको टोलीका लागि मिति २०८० भाद्र २२ गते एक अभिमुखीकरण कार्यक्रमको आयोजना गर्यो । कार्यक्रमका सम्मानित अतिथि राष्ट्रिय न्यायिक प्रतिष्ठानका कार्यकारी निर्देशक न्यायाधिश श्री वैद्यनाथ उपाध्यायले आइटेक कार्यक्रमका लागि दूतावासलाई धन्यवाद दिदै भारत र नेपालको न्यायलयबीच सहकार्य बढाउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा बोल्दै दूतावासका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तवले भारत–नेपाल द्विपक्षीय साझेदारीबारे प्रष्ट पार्नुका साथै सहभागीहरुको भारत भ्रमण फलदायी होस् भनी कामना गर्नुभयो ।


September 2023 © Embassy of India, Kathmandu.

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

G20 भारत 2023 INDIA

# मध्य उत्तर प्रदेश सब एरियाका जनरल कमाण्डिङ अफिसर उपरथी आलोक कक्करको नेपाल भ्रमण






भारत–नेपाल सैन्य सम्बन्धलाई सुदृढ गर्न हेतु मध्य उत्तर प्रदेश सब एरियाका जनरल कमाण्डिङ अफिसर तथा भारतीय सेना गोर्खा राइफल्स रेजिमेन्ट ९ का कर्णेल उपरथी आलोक कक्कर नेपालको छ दिने भ्रमणका लागि मिति २०८० आश्विन ८ गते काठमाडौं आउनुभयो । उपरथी कक्करले आश्विन १० पोखरन पेन्सन कार्यालयमा आयोजित एक ¥यालीमा भारतीय सेनाका भूपू सैनिकलाई सम्बोधन गर्नुभयो । वहाँले गार्खा सैनिकको बहादुरी र अमूल्य बलिदानको प्रशंसा गर्दै उनीहरुको कल्याणका लागि भारतीय सेना र भारत सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उपरथी कक्करले नेपाली सेनाका प्रधान सेनापति तथा भारतीय सेनाका मानार्थ महारथी प्रभुराम शर्मासँग नेपाली सेनाको मुख्यालयमा शिष्टाचार भेट गरी भारत र नेपालबीच द्विपक्षीय सैन्य सम्बन्धका साथै दुई देशका सेनाबीचको सम्बन्धलाई सुदृढ बनाउनेबारे छलफल गर्नुभयो ।

# कला संवाद–बाँसुरी बादन कार्यक्रम




भारतीय राजदूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८० आश्विन १२ गते नेपाल–भारत पुस्तकालयमा 'कला संवाद' नामक मासिक कला तथा सांस्कृतिक कार्यक्रमको आयोजना गर्यो । कार्यक्रममा प्रख्यात नेपाली बाँसुरी बादक दुर्गा प्रसाद खतिवडाले बाँसुरीको धुन प्रस्तुत गरे । कार्यक्रममा सांस्कृतिक केन्द्रका हिन्दुस्तानी शास्त्रिय गायन संगीत गुरु डा. आशिष सन्तले खतिवडासँग बाँसुरीका विभिन्न पक्षबारे अन्तरक्रिया गर्नुभयो ।

# भोटी लिपिबारे कला प्रदर्शनी तथा कार्यशाला









भारतीय राजदूतावास, काठमाडौं, बी.पी. कोइराला भारत–नेपाल फाउण्डेसन र नेपाल बौद्ध फाउण्डेसनले संयुक्तरुपमा नेपाल कला परिषदमा मिति २०८० भाद्र २९–३० गते सम्भोटा÷भोटी लिपि सम्बन्धी दुई दिने प्रदर्शनीको आयोजना गर्यो । माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्रीमती प्रमिला कुमारीले सो प्रदर्शनीको उद्घाटन गर्नुभयो ।

थप जानकारी...

# हिन्दी दिवस कार्यक्रम









भारतीय राजदूतावास, काठमाडौंले हिन्दुस्तानी प्रचार सभा, मुम्बईसँगको सहकार्यमा मिति २०८० भाद्र २८ गते हिन्दी दिवसको अवसरमा एक कार्यक्रमको आयोजना गर्यो । नेपाल भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुर सो कार्यक्रमको प्रमुख अतिथि हुनुहुन्थ्यो भने नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति श्री भूपाल राई र वरिष्ठ साहित्यकार प्रा. उषा ठाकुर सम्मानित अतिथि हुनुहुन्थ्यो । हिन्दी दिवसको अवसरमा अन्तर-विद्यालय हिन्दी कविता वाचन प्रतियोगिताको आयोजना पनि गरियो । सो प्रतियोगितामा दूतावासका कर्मचारी तथा अधिकारीको पनि सहभागिता थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि ठाकुरले नेपाल र भारतमा हिन्दी भाषाको महत्व एवम् सान्दर्भिकताबारे प्रकाश पार्नुभयो । कार्यक्रममा नेपालका विभिन्न भागका प्राध्यापक, लेखक, भाषविद् तथा प्रतिष्ठित साहित्यकारहरुको उपस्थिति थियो ।

# नेपाल प्रहरी अधिकृतका लागि अभिमुखिकरण कार्यक्रम








भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० भाद्र १५ गते नेपाल प्रहरीका अधिकृतहरुका लागि अभिमुखीकरण कार्यक्रमको आयोजना गर्यो । कार्यक्रममा उपस्थित प्रहरी अधिकृतको चौथो ब्याचले मिति २०८० भाद्र १८ देखि २८ गतेसम्म गुजरातको गान्धीनगरस्थित राष्ट्रिय रक्षा विश्वविद्यालयमा सञ्चालन हुने वित्तिय ठगी अनुसन्धान र सडक सुरक्षा सम्बन्धि प्रशिक्षणमा सहभागी हुनेछन् । अघिल्लो ब्याचका प्रहरी अधिकृतहरुले भारतमा रहँदाको आफ्नो अनुभव सुनाए ।

September 2023 © Embassy of India, Kathmandu.

# आइटेक अलम्नाइका लागि कार्यक्रम






भारतीय राजदूतावास, काठमाडौंले मिति २०८० आश्विन ५ गते आइटेक अलम्नाइका लागि एक कार्यक्रमको आयोजना गर्यो । कार्यक्रममा १२ जना आइटेक अलम्नाइले भारतका प्रतिष्ठित तालिम संस्थानमा बजारमा कृषकको समायोजन, रसायनिक मलको प्रयोग, वित्तिय कसुर तथा भ्रष्टाचार नियन्त्रण जस्ता आइटेक कोर्ष अध्ययन गर्दाको अनुभव सुनाए ।

# डिजिटल पब्लिक पूर्वाधार सम्बन्धि सेमिनार



भारतीय राजदूतावास, काठमाडौंले दक्षिण एसिया क्षेत्रीय प्रशिक्षण एवम् प्रविधिक सहायता केन्द्र र भारत सरकार अर्थ मन्त्रालयद्वारा आयोजित डिजिटल पब्लिक पूर्वाधार (डिपिआइ) सम्बन्धि सेमिनारको मिति २०८० आश्विन ५ गते स्क्रिनिङ गर्यो । नयाँ दिल्ली जी–२० संयुक्त घोषणा २०२३ मा पनि डिजिटल पब्लिक पूर्वाधारको महत्वबारे चर्चा गरिएको छ । उक्त स्क्रिनिङ कार्यक्रममा राष्ट्रिय योजना आयोग नेपालका सदस्य, नेपाल सरकारका वाणिज्य सचिव तथा सह–सचिव, स्टार्टअप कम्पनिका प्रतिनिधि, थिंकट्यांक गरी ६५ भन्दा बढीको सहभागिता थियो । कार्यक्रममा बोल्दै राजदूत श्रीवास्तवले भारत–नेपाल साझेदारी विषेश गरी भारतको नेशनल पेमेन्ट्स कर्पोरेशनमार्फत हुने आर्थिक कनेक्टिभिटिमा डिजिटल पब्लिक पूर्वाधारको सम्भावनाबारे चर्चा पार्नुभयो । साथै वहाँले नेपालको विकासका लागि ‘प्रधानमन्त्री गति शक्ति’ जस्तो डिजिटल प्लाटफर्मको सदुपयोग कसरी गर्न सकिन्छ भन्नेबारे जानकारी दिनुभयो ।


September 2023 © Embassy of India, Kathmandu.

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

G20 भारत 2023 INDIA

# केही छुटाउनुभयो कि!

## २० औं आसियन–भारत शिखर सम्मेलन तथा १८ औं पूर्वी एसिया सम्मेलनमा प्रधानमन्त्रीको सहभागिता




भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मिति २०८० भाद्र २१ गते जकार्तामा आयोजित २० औं आसियन–भारत शिखर सम्मेलन तथा १८ औं पूर्वी एसिया सम्मेलनमा भाग लिनुभयो । आसियन–भारत सम्मेलनमा प्रधानमन्त्री मोदीले आसियन–भारत वृहत रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्ने र त्यसको भावी कार्यदिशा तय गर्नेबारे आसियन साझेदारहरुसँग विस्तृत छलफल गर्नुभयो ।

थप जानकारी...

@IndiainNepal
September 2023 © Embassy of India, Kathmandu.

# केही छुटाउनुभयो कि!

## विदेश मन्त्रीको अमेरिका भ्रमण
## (२०८० आश्विन ५ देखि १३ गते सम्म)



भारतका विदेश मन्त्री डा. एस जयशंकरले २०८० आश्विन ५ देखि १३ गते सम्म अमेरिकाको भ्रमण गर्नुभयो । आश्विन ५ देखि ९ गते सम्म भएको न्यूयोर्क भ्रमणका क्रममा विदेश मन्त्री जयशंकरले ७८ औं संयुक्त राष्ट्र संघ महासभाको High Level Week मा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभयो । ग्लाबल साउथका लागि भारतको समर्थनलाई ध्यानमा राख्दै विदेश मन्त्री जयशंकरले India-UN for Global South: Delivering for Development नामक विशेष कार्यक्रमको आयोजना गर्नुभयो । भ्रमणका दौरान विदेश मन्त्री जयशंकर विभिन्न बहुपक्षीय तथा द्विपक्षीय बैठकहरुमा सहभागी हुनुभयो ।

थप जानकारी...



September 2023 © Embassy of India, Kathmandu.

# यहाँ जानुभएको छ?

## जयपुर सिटी प्यालेस



जयपुरस्थित भव्य सटी प्यालेस ऐश्वर्य र सौन्दर्यको प्रतीक हो । कुनै समय जयपुरका महाराजा बस्ने यस दरबारको सुन्दर आँगन, आकर्षक ढंगले सजाइएका बगैंचा, हस्तकलाले भरिएका शानदार भवनहरुले विश्वभरका आगन्तुकहरुलाई मोहित पार्दछ । सिटी प्यालेस वा जयपुर सिटी प्यालेस उत्तर पश्चिम भारतीय राज्य राजस्थानको राजधानी जयपुरमा रहेका एउटा भाव्य प्राचिन दरबार हो । दरबार परिसरमा विभिन्न साना दरबार, सुन्दर बगैंचा, आंगन, खुला बार्दली र संग्रहालय र ग्यालरीहरु रहेका छन् । दरबार परिसरमा चन्द्र महल, मुबारक महल, श्री गोविन्द देव मन्दिर, सिटी दरबार संग्रहालय जस्ता साना दरबार र संग्रहालय रहेका छन् । यस दरबार भित्र रहेका संग्रहालय र ग्यालरीहरुमा महाराजाको शाही परिवारसँग सम्बन्धित सामान तथा भग्नावशेष सुरक्षित राखिएको छ जसलाई दरबार घुम्न आउनेहरुले अवलोकन गर्न सक्नेछन् ।

थप जानकारी...